फोनः ०५६-४१०१२२/४१०१११
इमेलः info@ichchhakamanamun.gov.com
वेबसाइटः ichchhakamanamun.gov.np

इच्छाकामना गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

कुरिनटार, चितवन

बागमती प्रदेश, नेपाल

प.सं. २०८१/८२
च.नं.

मितिः २०८२/०१/०९

## सुन्तला बेर्ना अनुदानमा वितरण कार्यक्रम सम्बन्धी सूचना

सूचना प्रकाशित मिति २०८२/०१/०९

प्रस्तुत विषयमा यस इच्छाकामना गाउँपालिका, गाउँकार्यपालिकाको कार्यालयको आ.व. २०८१/८२ को वार्षिक कार्यक्रम अन्तर्गत **फलफूल सुन्तला खेती प्रवर्द्धन कार्यक्रम**बाट पचास प्रतिशत (५०%) अनुदानमा **सुन्तलाको बेर्ना वितरण** हुने हुँदा इच्छुक कृषक/कृषि फर्म/कृषक समूह/कृषि सहकारीहरुबाट दरखास्त आव्हानको लागि यो सूचना प्रकाशित गरिएको छ। यो सूचना प्रकाशन भएको मितिले २१ दिन भित्र (मिति २०८२/०१/२९ गते भित्र) तोकिएको ढाँचा अनुसार सम्बन्धीत वडा कार्यालयमा निवेदन दिनुहुन अनुरोध छ। साथै म्याद नाघि आएको निवेदनलाई कार्यक्रममा समावेश गर्न कार्यालय बाध्य हुने छैन।

तपशिल

| क्र.सं. | कार्यक्रमको नाम | कार्यक्रमको विवरण | कुल बजेट(रू) | लक्षित वर्ग | अनुदान प्रतिशत |
|---|---|---|---|---|---|
| १ | फलफूल सुन्तला खेती प्रवर्द्धन कार्यक्रम | सुन्तलाको बेर्ना माग संकलन(कलमी/बीजू) | १०,००,०००/- | कृषक/ कृषि फार्म/ कृषक समूह/ कृषि सहकारी | ५०% |

संलग्न गर्नुपर्ने कागजातहरु

१. कार्यालयबाट उपलब्ध गराएको ढाँचामा निवेदन,

२. नेपाली नागरिकताको प्रमाण पत्रको प्रतिलिपि,

३. समूहको हकमा – समूह दर्ता/नवीकरण, बैठकको निर्णयको माइनुट

४. सहकारीको हकमा - संस्था दर्ता/नवीकरण, स्थायी लेखा नम्बर र गत आर्थिक वर्षको कर चुक्ता प्रमाण पत्रको प्रतिलिपि

...................
(चन्द्रकान्त बस्नेत)
प्रमुख प्रशासकीय अधिकृत

कार्यार्थः श्री सूचना प्रविधि शाखा, सम्पूर्ण वडाहरूमा सूचना सम्प्रेषण गर्नुहुन।

**नोटः थप जानकारीका लागि इच्छाकामना गाउँपाललिका कृषि शाखामा सम्पर्क गर्नुहोला।**

९८४५९८४५१०, ९८४५९७६०५५, ९८४५३३१८३७

मितिः.........................

इच्छाकामना गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
कुरिनटार, चितवन
बागमती प्रदेश, नेपाल

श्रीमान् कार्यालय प्रमुखज्यू,

.......नं वडा कार्यालय,

इच्छाकामना गाउँपालिका, चितवन ।

विषय: सुन्तलाको बेर्ना माग सम्बन्धमा ।

महोदय,

प्रस्तुत विषयमा इच्छाकामना गाउँपालिका कार्यालयबाट मिति २०८२/०१/०९ गते प्रकाशित सूचना बमोजिम फलफूल सुन्तला खेती प्रवर्द्धन कार्यक्रमबाट ५० प्रतिशत अनुदानमा वितरण हुने सुन्तलाको बेर्ना उपलब्ध गराइदिनु हुन भनि तपसिलका कागजातहरु संलग्न राखी यो निवेदन पेश गरेका छौ/छु । मैले/ हामीले बेर्ना प्राप्त गरेमा निर्धारित प्रक्रिया अनुसार सम्बन्धित गाउँपालिका भित्रै रही कार्य गर्नेछु/गर्नेछौ ।

स्वघोषणः यसै प्रकृतिका कार्यका लागि मैले/हामीले यस कार्यालय बाहेक अन्य संघ संस्थाबाट अनुदान लिएको छैन भनी स्वघोषण गर्दछु/गर्दछौ । झुठा ठहरेमा प्रचलित ऐन कानून बमोजिम सहनेछु/छौ ।

तपशिल

क. सुन्तलाको बेर्नाको माग परिमाण

| क्र.सं. | कृषक/ कृषि फार्म/ कृषक समूह/ कृषि सहकारी | प्रकार(कलमी/बीजू) | जम्मा क्षेत्रफल(कठ्ठा) | आवश्यक सुन्तला बेर्ना परिमाण(केजी) | कैफियत |
|---|---|---|---|---|---|
| १ | | | | | |
| २ | | | | | |
| | जम्मा | | | | |

ख. संलग्न कागजात

१. नेपाली नागरिकताको प्रमाण पत्रको प्रतिलिपि,

२. समूहको हकमा – समूह दर्ता, बैठकको निर्णयको माइनुट

३. संस्थाको हकमा – संस्था दर्ता, स्थायी लेखा नम्बर र गत आर्थिक वर्षको कर चुक्ता प्रमाण पत्रको प्रतिलिपि

दायाँ बायाँ

निवेदकः..............................................

संस्थाको नामः....................................

पदः...................................................

दस्तखतः.............................................

ठेगानाः...............................................

सम्पर्क नः.............................................